कम्पनी दर्ता नं : ८००/२०५८/५९ ने.रा.बैंक ईजाजत नं : घ/३/२०६२/६३

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
# CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्रप्राप्त संस्था)

"ग्रामिण बिकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

## प्रेस विज्ञप्ती

### Global Money Week संचालन सम्बन्धमा

यस छिमेक लघुवित्त वित्तीय संस्थामा गठित विश्व वित्तीय सप्ताह समितिको निर्णयले आगामी मार्च .२०.-२६,२०२३(चैत्र६-१२,२०७९) सम्म विश्व वित्तीय सप्ताह ( Global Money Week -2023 ) कार्यक्रम मनाउने निर्णय गरेको छ । वित्तीय संस्थाले लघुवित्त कार्यक्रममा आवद्ध ग्राहकका छोराछोरी,किशोर/किशोरी तथा युवा/युवती, स्थानीय सर्वसाधारण तथा विद्यार्थीहरुमा वित्तीय शिक्षको महत्वका बारेमा जागरण ल्याउने उद्देश्यले यो कार्यक्रम गर्न लागेको हो । वित्तीय ज्ञान,सीप,मनोवृति र व्यवहारमा परिवर्तन ल्याई वित्तीय सक्षमता अभिवृद्धिका माध्यमले विवेकशील वित्तीय निर्णय लिन सघाउने र आर्थिक समृद्धिमा योगदान गर्नु यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । विशेष गरी यस कार्यक्रममा बचत,विमा,विप्रेशन,शेयरलगानी,कर्जा,लघुउद्यम,पारीवारिक वजेट,नोटको जतन आदि विषयमा प्रशिक्षण गरिनेछ ।

**वित्तीय संस्थाले यस कार्यक्रमलाई देहाय बमोजिम संचालन गर्ने योजना राखेको छ ।**

- **20th March,2023**(चैत्र ०६, **सोमबार** ):(क) शाखा कार्यालय पथरैया, कैलाली,(जानकी गा.पा,अमौरी टोल)पथरैया अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
  (ख) शाखा कार्यालय चौरजहारी ,रुकुम पश्चिम,चौरजहारी शाखा कार्यालय अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- **21th March,2023**(चैत्र ०७, **मंगलबार** ):(क) शाखा कार्यालय नारायणपुर , कैलाली (टिकापुर न.पा) अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
  (ख) शाखा कार्यालय गेटा, कैलाली ,(गोदावारी न.पा ) अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- **22th March,2023**(चैत्र ०८, **बुधबार** ):(क) शाखा कार्यालय भजनी, कैलाली,(भजनी न.पा)अर्न्तगत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- **23th March,2023**(चैत्र ०९, **बिहीबार** ):(क) शाखा कार्यालय साढेपानी अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
  (ख) शाखा कार्यालय हेटौडा, मकवानपुर ,(हेटौडा उ.म.न–४) अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- **24th March,2023**(चैत्र १०, **शुक्रबार** ):(क) शाखा कार्यालय राजीपुर, कैलाली,(गौरी गंगा न.पा,राजीपुर बजार ), अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- (ख) शाखा कार्यालय कोहलपुर ,बाके,(कोहलपुर न.पा,पिपल चौतारा),अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- **25th March,2023**(चैत्र ११, **शनिबार**):(क) शाखा कार्यलय हसुलीया , कैलाली,(कैलरी गा.पा.), वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- (ख) शाखा कार्यलय ईटहरी ,सुनसरी,(ईटहरी उ.म.न–४), अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- **26th March,2023**(चैत्र १२, **आइतबार** ):(क) शाखा कार्यलय फुलबारी ,कैलाली,(धनगडी उ.म.न–१८),अन्तर्गत वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।
- (ख) शाखा कार्यलय जीतपुर ,बारा,(जीतपुर सिमरा उ.म.न) , अन्तर्गत बजनीमा वित्तीय साक्षरता/सचेतना कार्यक्रम गरिने ।

यस वित्तीय शिक्षा कार्यक्रम संचालनले ग्राहक, अभिभावक,स्थानीय आम सर्वधारण,युवा/युवती तथा किशोर विद्यार्थीहरुमा वित्तीय व्यवस्थापन सम्बन्धी ज्ञानमा अभिवृद्धि हुनगई आर्थिक रुपमा सवल हुने, वचत गर्ने र सोलाई उचित प्रतिफल दिने क्षेत्रमा लगानी गर्ने बानीको विकास हुने, जोखिम न्युनीकरणको लागि वीमाको महत्वको बारेमा ज्ञान हासिल हुने उद्यमशिलता तर्फ अग्रसर हुने तथा पैसा र धनको उचित प्रयोग गरी समृद्धि तथा प्रगतिको बाटोमा अग्रसर हुने अपेक्षा गरिएको छ ।

साविकनाम : छिमेक लघुवित्त विकास बैंक लि.
Central Office : New Baneshor, Kathmandu Tel No. 0977-01- 4490513, 4464852, Fax No. 4465785
E-mail : info@chhimekbank.org